# ढकारी गाउँपालिका कृषि विकास शाखाको आ.व २०८१/०८२ को

# बार्षिक प्रगति प्रतिवेदन

**तयार गर्ने**

पदम बहादुर बुढा
कृषि विकास शाखा प्रमुख
ढकारी गाउँपालिका कार्यालय
ढकारी ,ढकारि अछाम ।

**स्वीकृत गर्ने**

लक्ष्मण साह
नि.प्रमुख प्रशासकीय अधिकृत
ढकारी गाउँपालिका कार्यालय
ढकारी अछाम ।

लक्ष्मण साह
नि.प्रमुख प्रशासकीय अधिकृत

# ढकारी गाउँपालिका
# गाउँकार्यपालिकाकार्यालय
# कृषि बिकास शाखा

## प्रगति प्रतिबेदन

६२% जनता कृषिमा संलग्न रहेको हाम्रो देश नेपालमा आर्थिक मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको दिगो बिकास बिना गरिबी न्युनिकरण सम्भव छैन । देशको कुल ग्रहास्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक चौथाई रहेको छ, भने कुल कृषि जन्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत रहेको छ ।

## कृषि शाखाको संक्षिप्त परिचय:-

सुदुपश्चिम प्रदेश अछाम जिल्लामा रहेको एक स्थानिय तह मध्ये एक स्थानिय तह ढकारी गाउँपालिका पनि हो । अछाम जिल्लाका १० वटा स्थानिय तह मध्ये सबै भन्दा विकट साविकका ५ वटा गा.बि.स. घोडासैन, ढुङ्गाचाल्ना, बलाता, हिच्मा र ढकारी मिलेर बनेको छ । ढकारी गाउँपालिका क्षेत्र भित्र साबिकका ढकारी गा.बि.स. वार्ड न. १, हिच्मा गा.वि.स. वार्ड न. २ र ३, ढुङ्गाचाल्ना गा.वि.स. वार्ड न. ६ र ७, बलाता गा.बि.स. का वार्ड न. ४ र ५ घोडासैन गा.वि.स. वार्ड न. ८ गरि जम्मा ८ वटा वडा रहेका छन । घोडसैन गा.वि.स. आधा कमलवजार न.पा. रहेको छ । नेपाल सरकारको संबिधानमा व्यावस्था भए अनुरुप देशैभरी प्रत्येक स्थानिय तहमा आर्थिक बिकास समिति भित्र पर्ने शाखाहरु मध्ये कृषि बिकास शाखा पनि एक हो । ढकारी गाउँपालिका भित्र पनि कृषि बिकास शाखा रहेको छ । यस शाखाले ढकारी गाउँपालिका क्षेत्र भित्रका सभै वडाहरुमा रहेका कृषकलाई बालि सँरक्षण सेवा, कृषि बिकास कार्यक्रम, तरकारी बालि कार्यक्रम, फलफूल कार्यक्रम, मसला बालि कार्यक्रम र प्राबिधिक सेवा तथा सल्लाह दिइरहेको छ। यस शाखा ढकारी गाउँपालिका गाउँकार्यपालिकाले व्यवस्था गरे अनुसार ढकारी गाउँपालिकाको कार्यालय नजिकै रहेको छ ।

## उद्देश्य

ढकारी गाउँपालिका आर्थिक बिकास समिति भित्रको बिभिन्न शाखाहरुका आ-आफ्नै उद्देश्य रहेका छन् जस मध्ये कृषि विकास शाखाको पनि कृषि बिकासमा व्यावसायिकरण, आधुनिकिकरण तथा विविधिकरण गर्दै लैजाने लक्ष्य अनुरुप कृषि क्षेत्रलाई आर्थिक मेरुदण्डको रुपमा बिकास गरी नेपाल सरकारले वनाएका कृषि बिकास रणनिति, निति, ऐन, नियम, निर्देशिका र कार्यविधिको परिधि भित्र रहि ढकारी गाउँपालिकाले आर्थिक बिकासका लागि बनाएका ऐन, नियम, निति र कार्यबिधिको उद्देश्यलाई आत्मसात गर्दै यस स्थानिय तहको कृषि व्यावसाय बाट निम्न बर्गका कृषकलाई तथा विदेश पलाएन हुने युवा हरुलाई यस ढकारी गाउँपालिकामा स्वरोजगार प्रर्वद्धन गरि निर्वाहमुखि कृषि

२०८१/०८/०१
पदम बहादुर बुला
शाखा प्रमुख

लक्ष्मण साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

व्यावसायलाई व्यावसायिकरण गर्दै आधुनिक तिर लैजाने, कुल ग्राहस्थ उत्पादन घटाई कुल ग्राहस्थ उत्पादनलाई एकसय खर्बपुग्राउनेमा सहयोग गर्ने उद्देश्य रहेको छ ।

## हावा पानी तथा बर्षा:-

ढकारी गाउँपालिका पहाडि क्षेत्रमा पर्ने दुर्गम गाउँपालिका हो । गर्मिमा खासै गर्मि नभए पनि हिउँदमा जाडो विहान बेलुका भए पनि दिउसो तिर घाम पर्ने हुनाले खासै जाडोको महसुस हुदैन। आज भोलि दिनानु दिन जलबायु परिर्वतनका कारण गर्मिको समयमा गर्मिको अलि अलि महसुस हुन थालेको छ । यहाका कृषकहरुको जन जिवन प्राए गरी उकालि, ओरालि, भिरपाखा र भिरालो जमिनका कारण कृषकहरुको जनजिवनमा साहै कष्टकर छ । यहका कृषकहरुको मुख्य स्रोत वा पेसा कृषि भएकोले कृषकहरुलाई कृषि विकास कार्यक्रमको आवश्यकता पर्दछ तर आवश्यकता भएता पनि यस ठाउँका कृषकहरु खेति व्यवस्थापनमा त्यति चासो राख्दैन्न । बर्ष भरि सरदर ८०% पानि वर्षा मौसममा असार देखि आश्विन सम्म पर्दछ भने बाकि २०% पानि अरु मौसममा पर्दछ ।

## स्थानीय बिकास

स्थानिय तहमा दोस्रो निर्वाचन सम्पन्न भई सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि भएको छ । स्थानिय पूर्वाधार लगाएतका विकास निमार्णका कार्यमा तिव्रता आएको छ । सेवा प्रवाह तथा कार्य प्रणालीलाई सहज वनाउन् तथा प्रभावकारिता ल्याउन निति. नियम. ऐन. निर्देशिका. कार्यविधि. कार्यपद्धति तयार भई स्थानीय तहले जनतालाई सेवा पुर्याउन थालेका छन् । स्थानीय तहको संगठनात्मक संरचना. जनशक्ति छनोट तथा व्यवस्थापन. पर्याप्त स्रोत हस्तान्त्रण. नियमित अनुगमन तथा मूल्याङ्कन र समन्वय संयन्त्र विकास गर्नु आवश्यक रहेको छ ।

## कृषि बिकास कार्यक्रमको परिचय:-

कृपिमा आधारित ग्रामिण समुदायमा रहने निरपेक्ष गरिविको रेखामुनी रहेका कृषकहरुका लागि जिवन स्तर उकास्न रोजगारी तथा आयमुलक पेशाको रुपमा कृषि व्यावसाय एक महत्वपुर्ण माध्याम रहेको छ । यस स्थानिय तहमा स्थानिय जातका वालिको खेति भईरहेकाले उत्पादन तथा उत्पादकत्व ज्यादै न्युन रहेको हुदा कृषि व्यवसाय फस्टाउन वा उद्देश्य अनुरुप उन्नत कृषि प्रविधि तथा विउ विजन उपलव्ध गरि युवाहरुलाई स्वरोजगार बनाउने र उत्पादन बृद्धि गराउने उद्देश्यले कृषि विकास शाखावाट विभिन्न निम्न कार्यक्रम सञ्चालन गरिएको छ ।

१) ५०% अनुदानमा उन्नत तथा हाईब्रिड तरकारी बालिको बिउ वितरण
२) आकस्मिक वालि संरक्षणका लागि विपादि खरिद तथा वितरण
३) कृषि मेला प्रदर्शनी कार्यक्रम संचालन
४) मौरी सामाग्री वितरण
५) मोटो परिक्षण सिविर संचालन

२०८१/०४/०१

पदम बहादुर बुढा
शाखा प्रमुख

लक्ष्मण साह
नि.प्रमुख प्रशासकीय अधिकृत

६) किसान सूचिकरण कार्यक्रम

७) कृषि पशूपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम अन्तगत कृषि सर्वेक्षण

८) चक्ला बन्दीमा तरकारी तथा फलफुल विस्तार कार्यक्रम

९) साना सिचाई प्रवर्द्धन कार्यक्रम

१०) एक वडा एक फलफुल बगैचा स्थापना

११) ५० प्रतिशत अनुदानमा कृषि सामाग्री वितरण

१२) ५० प्रतिशत अनुदानमा हिउदे तथा बर्षे फलफुलका विरुवा वितरण

१३) ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण

१४) उत्पादनमा आधारित अनुदान कार्यक्रम

१५) एक पालिका एक नगदे बाली प्रवर्धनका लागी कृषि सिचाइ सहकार्य कार्यक्रम ।

२०८१।०४।०१

चन्द्र बहादुर बुढा
शाखा प्रमुख

लक्ष्मण साह
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# कृषि विकास शाखाको बार्षिक कार्यक्रम प्रगति प्रतिबेदनः-

आ.व. २०८१/०८२ म संचालन गरिएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरु

| क्र.सं | क्रियाकलापहरु | लाभान्वित जनसंख्या | | | संचालन भएको ठाउ तथा संख्या | भएका मुख्य उपलब्धिहरु | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | |
| १ | ५० प्रतिशत अनुदानमा ( काका, फर्सि, सिमी, करेला, मुला, खुर्सानि, भाण्टा, भेडेखुस्रानि, गोलभेडा, काउलि, बन्दा आदी ) उन्नत तथा हाईब्रिड तरकारी बालिको बिउ वितरण | १५० | १३५ | २८५ | ढकारी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण वडाहरुका व्यावसायिक कृषकहरुलाई ५० प्रतिशत अनुदानमा तरकारी बिउ वितरण | व्यावसायिक कृषकलाई व्याबसायमा केहि सहयोग पुगोस्, तरकारी खेतिमा निरन्तरता दिई रहन र खर्चमा कटौती गर्ने र व्यावसायिक तरकारीको क्षेत्र बढाउन, ४७ रोपनिमा तरकारी खेति भईरहेको छ। | १५०००० | १०० |
| २ | आवस्मिक बालि संरक्षणका लागी विषादी खरीद तथा वितरण, | १३२ | १४३ | २७५ | ढकारी गाउँपालिकाका सबैवडाहरु बाट आएका कृषक हरुलाई वितरण गरिएको । | ढकारी गाउँपालिका क्षेत्र भित्रका किसानको बारीमा लगाएको खाद्यन्न, फलफूल र मसला तथा तरकारी वालिमा लागेका रोग तथा किराको नियन्त्रण गर्न, महामारीको रुप नलिन दिनको लागी वितरण गरिएको छ। | १००००० | १०० |
| ३ | कृषि मेला प्रदंशनी | ५५ | ७५ | १२५ | ढकारी गाउँपालिका अन्तरगतका विभिन्न वाडा बाट कृषकको सहभागिता रहेको। | सुनेको भन्दा देखेकोमा विश्वास गर्ने भएकाले उत्पादित वस्तुमा अन्य कृषकले प्रत्यक्ष देखेर लाभ लिएको। | ८०००० | १०० |
| ४ | साना सिचाई निर्माण तथा मर्मत कार्यक्रम | २५० | १५० | ३५० | १२ वटा साना सिचाई पोखरी निर्माण | १२ वटा साना सिचाई पोखरी निर्माण भई ६ हे जमिनमा सिचाईको उपलब्धता भएको | १२००००० | १०० |
| ५ | चक्लावन्दिमा तरकारी खेती कार्यक्रम | ९० | ५० | १४० | ९ वटा तरकारी खेती प्रर्वद्धन कार्यक्रम संचालन । | ९ वटा तरकारी खेती प्रर्वद्धन कार्यक्रम संचालन गरि बाहिर बाट आउने तरकारी बन्द गरी तरकारी प्रतिको चासो बडेको पाइएको छ तथा व्यावसायिक कृषक | १७०००० | १०० |

पदम बहादुर बुढा
शाखा प्रमुख

लक्ष्मण साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बन्न थप उर्जा थपिएको र तरकारी क्षेत्र विस्तार भएको | | |
| ६ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण | १०० | ३० | ७० | ढकारी गाउँपालिका अन्तगतका रहेका ब्यावसायिक कृषकलाई वितरण गरियको । | आलुको उत्पादन बढी कृषक आत्मनिर्भर तिर बढी थप जमिममा आलु खेति गर्ने मनोसाय देखिएको छ । | २००००० | १०० |
| ७ | तथ्यांक संकलन कार्यक्रम सचालन । | २०० | ४०० | ६०० | ढकारी गउँपालिका वडा नं. १ ३ ६ र ८ वडामा कलष्टर छुट्याइ कृषि सर्वेक्षण गरिएको | ढकारी गउँपालिका सबै वडामा कृषिको तथ्यांक थाहाँ पाउनको लागी जम्मा घरधुरीको ६०० घरधुरी बाट तथ्यांक संकलन गरीएको । | ६०००० | १०० |
| ८ | ५० प्रतिशत अनुदानमा बर्षे तथा हिउदे फलफुलका विरुवा वितरण | ६० | ७० | १३० | मगमा आधारित वितरण गरिएको । आँप १०५० सुन्तला ७०० कागती ३०० | कृषकहरुमा व्यावसायिक हुदै आत्मनिर्भग भएको देखिन्छ। फलफुल बगैचा विस्तार भएको । | १५०००० | १०० |
| ९ | किसान सुचिकरण कार्यकम | - | - | - | | कार्य निरन्तर गरि रहेको । | २००००० | १०० |
| १० | एक वडा एक फलफुल वगैचा स्थापना | | | | कृषको मागमा आधारीत फलफुल बगैचा स्थापना गरिएको वडा नं. १ ३ ४ ५ र ७ | कृषको मागमा आधारीत फलफुल बगैचा स्थापना गरिएको । यसले गर्दा कृषकमा नया सोच आयको देखिन्छ । | ४५०००० | १०० |

लक्ष्मण साह
नि.प्रमुख प्रशासकीय अधिकृत

मदन बहादुर बुढा
शाखा प्रमुख

CamScanner

मुख्य समस्याहरु

१)मागमा आधारीत कार्यक्रममा कृषकले समयमा माग नगर्दा वितरणमा असजता भएको ।

२) कृषकले देखिएका समस्याहरुको नमुना नल्याउदा समस्याको पहिचान गर्न गाह्रो हुने गरेको ।

३) यातायातको व्यावस्था नहुदा अनुगमन गर्न असहज बाताबरण भएका ।

४) वितरण गरिएको विउहरुको कृषक बाट प्रतिकृया नआउदा उत्पादनको अनुमान गर्न असहज भएको,

५) कृषिमा व्यावसायिक नभएकोले आत्मानिर्भर तिर मात्र लाग्ने भएकोले कार्यक्रमको प्रगतीमा केहि फरक ल्याउन असहज भएको ।

समस्या समाधान

१) सर्म्पकमा नआउने व्यावसायिक कृषकलाई सम्वन्धित ठाउमा गएर सेवा प्रदान गरियो ।

२) मागमा आधारित कार्यक्रम माग नहुदा पनि केहि मात्रामा माग गर्दै वितरण गरियो ।

३) कृषक समस्या पहिचान नभको अवस्थामा सम्वन्धित ठाउँमा पुगेर समस्या समाधान गरियो ।

४) यातायातको सुविधा नहुदा पनि हिडेरै भएर पनि कार्यक्रमको अनुगमन गर्दै आई रहेको ।

५) विउहरु लिएका कृषक कहाँ पुगेर उत्पादनको वारेमा जानकारी लिइयो, उत्पादनको विष्लेषण गरियो ।

६) कृषकलाई व्यावसायिक वनाउने कार्यक्रमलाई एकिकृत तथा नमुना वगैचा स्थापनाका कार्य गरियो ।

७) समुह गठन तथा परिचालन सम्वन्धि कृषकहरुलाई जानकारी तथा छलफल गरियो ।

**सारांस**

यस ढकारी गाउँपालिका कृषि विकास शाखा बाट सञ्चालन भए गरेका कृयाकलापहरुले कृषकहरु व्यावसयिकरणमा लागेकाछन । प्रतिसपर्धात्मक कृषि प्रणालि अपनाई रहेको देखिएकोछ । यसले गर्दा ढकारी गाउँपालिकाका कृषि क्षेत्र बाट हुने उत्पादनमा आत्मानिर्भर भई स्वरोजगार तथा प्रवद्धन हुने आर्थिक स्थितिमा स्तर उन्नति हुने, गरिबि न्युनिकरणमा कृषि विकासले टेवा पुर्यउनेछ । खाध्यान्न, दलहन, तेलहन, मसला वालि, तरकारी र फलफूल वालिमा आत्मा निर्भर हुने देखिएको छ । यस बाट ढकारी गाउँपालिका बासि समुदायहरुको स्वास्थमा पोषण स्थितिको सुधार हुदै जानेछ । कृषकहरु निर्बाहमुखि कृषि पेसा बाट व्यावसयिक मुखि बन्नेछन । कृषकहरुले

पदम बहादुर बुढा
... प्रमुख

लक्ष्मण साह
... प्राविधिकीय अधिकृत

गरिरहेको प्रम्परागत कृषि प्रबिधिलाई आधुनिकिकरण तर्फ लैजादै उद्यमि बन्नका लगि सहयोग पुग्ने कृषि विकास शाखाको अनुमान रहेको छ ।

**यो प्रगति प्रतिबेदन अध्यायन गरी कृषि विकास शाखा बाट सन्चालन भएका र आगामि कार्यक्रमको सुधार गर्नका लागि यहाहरुको सुझाब सल्लाहको अपेक्षामा छौ । तपाइहरुको सुझाब सल्लाहले ढकारी गाउँपालिकाका कृषकको जिवनमा आमुल परिवर्तन आउनेछ ।**

धन्यवाद ।

**प्रतिबेदक**

पदम बहादुर बुढा

कृषि विकास शाखा प्रमुख

पदम बहादुर बुढा

शाखा प्रमुख

लक्ष्मण साह

नि.प्रमुख प्रशासकीय अधिकृत